annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १३७ पृष्ठ ८ | काठमाडौं, शनिबार २९ भदौ २०८१ | भाद्र शुक्लपक्ष एकादशी नेपाल संवत् ११४४ | SATURDAY, SEPTEMBER 14, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# अमेरिकामा राष्ट्रपतीय बहससँगै बढ्यो चुनावी सरगर्मी



**अमेरिकामा आगामी नोभेम्बर ६ मा हुने राष्ट्रपतीय निर्वाचनको सरगर्मी बढेको छ। अमेरिकी राष्ट्रपतिका उम्मेदवार कमला ह्यारिस र डोनाल्ड ट्रम्पबीच केही दिनअगाडि भएको पहिलो राष्ट्रपतीय बहसपछि चुनावी माहोल झन् तातेको छ। उपराष्ट्रपति ह्यारिस डेमोक्र्याटिक पार्टीकी उम्मेदवार हुन् भने पूर्वराष्ट्रपति ट्रम्प रिपब्लिकनतर्फका उमेदवार हुन्। निर्वाचनमा निकै महत्त्वपूर्ण मानिने राष्ट्रपतीय बहसपछि देशभर थुप्रै मत सर्वेक्षणहरू भएका छन्। ती सर्वेक्षणमा मतदाताले दुवै उम्मेदवारका जितका विषयमा विभिन्न दाबी गरेका छन्।**

समाचार पृष्ठ २

रामकला खड्का | *काठमाडौं*

- को रिपोर्ट

## भित्री पृष्ठ



शब्द-शब्दमा शाश्वत साहित्य - पृष्ठ ३



सम्पदाले समृद्ध 'पाञ्चालदेश' - पृष्ठ ४



एउटा बिरामी जसले बचाइरहेछ हजारौं बिरामी - पृष्ठ ५



मुस्ताङको अभियान, आलु आयात प्रतिस्थापन - पृष्ठ ७

# विराटनगरका मेयर रंगेली नगरपालिकाविरुद्धको आन्दोलनमा

**किशोर बुढाथोकी** | *विराटनगर*

मोरङको रंगेली नगरपालिकाले हालै भूमि तथा मालपोतसम्बन्धी कर बढायो। त्यसविरुद्ध कांग्रेसले आन्दोलन गर्‍यो। जनतालाई सर्वसुलभ र सहज रूपमा सेवा दिन बनेका स्थानीय सरकारले 'जनताको ढाड' भाँचिने गरी कर बढाउनु अन्याय नै हो। तर, रंगेलीविरुद्धको आन्दोलनमा सहभागी बने -विराटनगरका मेयर नागेश कोइराला।

रंगेलीविरुद्धको आन्दोलन र नाराबाजीमा सहभागी भएपछि विराटनगरका मेयर कोइराला विवादमा परेका छन्। रंगेली नगरपालिकामा एमालेका दिलीप बगडिया मेयर हुन्। विराटनगरका मेयर कोइरालाले रंगेलीविरुद्धको आन्दोलनमा सहभागी भएर 'अनौठो राजनीति' गरेको यहाँका राजनीतिक दलका नेताहरू बताउँछन्। आफु नेतृत्वको सरकारबाट जनतालाई सेवा सुविधा दिने भन्दा अर्कै नगरपालिका विरुद्धको आन्दोलनमा सहभागी भएकोमा मेयर कोइरालाको



**रंगेलीविरुद्धको आन्दोलनमा सहभागी विराटनगरका मेयर नागेश कोइराला (रातो घेरामा)।**
● किशोर बुढाथोकी

आलोचना भइरहेको छ। विराटनगरका मेयर कोइराला रंगेलीविरुद्धको आन्दोलनमा सहभागी भएका बेला विराटनगरस्थित कार्यकक्ष अगाडि सेवाग्राहीको भिड थियो। रंगेलीको आन्दोलनमा जनाएको उपस्थितिले उनको कार्यशैलीको विरोध र टीकाटिप्पणी गर्नेहरूलाई थप बल पुगेको छ। नेपाली कांग्रेस मोरङका सचिव मोदराज घिमिरेले रंगेली नगरपालिकाले कर वृद्धि गरेपछि पार्टीको तर्फबाट आन्दोलन भइरहेको जानकारी दिए। घिमिरे रंगेलीको मेयरमा एमालेका दिलीप बगडियासँग पराजित भएका थिए।

नगरपालिकाले बढाएको र नयाँ निर्धारण गरेको कर घटाउनुपर्ने मागसहितको आन्दोलनमा विराटनगरका मेयर कोइराला पनि सहभागी भएको घिमिरेले बताए। मेयर कोइरालाले भने पालिका प्रमुखको हैसियतमा नभई कोइराला पार्टीको तर्फबाट आन्दोलनमा गएको बताए। 'म नेपाली कांग्रेस मोरङ जिल्लाको उपसभापति हो,' मेयर कोइरालाले भने,'पार्टी उपसभापतिको हैसियतामा आन्दोलनमा सहभागी भएँ। मैले राजनीति नै गर्न छाड्नु र ? लोकतन्त्रमा मुख थुन्ने कुरा हुन्छ ? पार्टीका साथीहरूले आन्दोलन गरिरहेका छन्। त्यही भएर सामूहिक प्रतिबद्धता जनाउन गएँ।,'

बाँकी पृष्ठ ६

## जापानिज इन्सेफ्लाइटिसबाट १४ जनाको मृत्यु

**काठमाडौं** (अन्नपूर्ण) : जापानिज इन्सेफ्लाइटिसबाट मुलुकभर १४ जनाको ज्यान गएको छ। इन्सेफ्लाइटिसबाट हुने मृत्युदर २२ दशमलव ९५ प्रतिशत छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार, शंकास्पद बिरामीबाट संकलन गरिएका ६ सय ९५ नमुनामध्ये ६१ वटामा जापानिज इन्सेफ्लाइटिस पुष्टि भएको छ। प्रयोगशालामा पुष्टि भएका केसहरूमध्ये १४ जनाको मृत्यु भएको हो। मृत्यु हुनेमा कैलाली, कपिलवस्तु, पाल्पा, चितवन, सिन्धुली, रौतहट, सर्लाही, सिरहा, सुनसरी र झापा जिल्लाका बिरामी रहेको प्रवक्ता बुढाथोकीले जानकारी दिए।

हरेक वर्ष विशेषगरी भदौ र असोज महिनामा जापानिज इन्सेफ्लाइटिसको संक्रमण उच्च हुने गरेको छ। इन्सेफ्लाइटिसको संक्रमण न्यूनीकरण एवम् नियन्त्रणका लागि तयारी र प्रतिकार्य जारी रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ। परिवार कल्याण महाशाखाद्वारा प्रादेशिक स्वास्थ्य निर्देशनालयहरू, जिल्ला र द्रुत प्रतिकार्य टोलीहरूसँग शुक्रबार संयुक्त बैठक गरिएको छ।

# भूकम्पले घरबारविहीन बनायो, सरकारले ऋणी

**पदमबहादुर सिंह** | *बाजुरा*

२०८० असोज १६ गते बझाङ केन्द्रबिन्दु भएर ६.३ म्याग्निच्युटको भूकम्प गयो। जिल्लाको खप्तड छेडेदह- ५ का ६५ वर्षीय साउने सार्कीको घर चिराचिरा भयो। त्यसपछि घरनजिकै त्रिपालले छाएको टिनको अस्थायी टहरोमा सार्कीको परिवार बस्न थाल्यो।

सार्कीको १३ जनाको परिवार छ। सार्कीको परिवारले अस्थायी एककोठे टहरोमा कष्टकर जीवन बिताउन थालेको एक वर्ष भयो। सार्की आफैं दमका बिरामी छन्। त्यसैकारण, चिसो टिनको टहरोमा बस्दा झनै समस्या भइरहेको बताउँछन्। वर्षात्को पानी होस् वा हिउँदको कठ्याङ्ग्रिँदो चिसो होस्, टहरोमा बसेर जीवन गुजार्नु परेको उनले बताए। गाउँमा रोजगारी छैन, पक्की घर बनाउन उनीसँग पैसा छैन। छोराले जेनतेन ज्याला गरेर ल्याएको पैसाले परिवारको साँझ, बिहानको छाक टार्न मुस्किल हुने गरेको सार्कीले बताए।

भूकम्प गएपछि सरकारले अर्को व्यवस्था नहुँदासम्म ५० हजार अनुदानमा अस्थायी टिनका टहरा बनाउन भन्यो। टहरा निर्माण गर्नुभन्दा पहिला पहिलो चरणमा २५ हजार र बनाइसकेपछि २५ हजार दिने गाउँपालिकासँग सम्झौता भयो। सरकारले दिएको २५ हजार र अरू केही पैसा गाउँको सहकारी र साहुबाट ऋण काढेर टहरा निर्माण गरेको



**भूकम्पले घर चिरा परेपछि टिनको छानामुनि दिन गुजार्दै खप्तड छेडेदह-५ डोगडीको एक परिवार।**
● पदमबहादुर सिंह

उनले बताए। टहरा निर्माण गरिसक्नेबित्तिकै दोस्रो चरणको पैसा आउने आशामा सार्की थिए। त्यही रकमबाट ऋण तिर्ने सोच बनाएका थिए। तर, ६ महिना बढी भयो दोस्रो चरणको पैसा पाएका छैनन्। पैसा निकासाका लागि भूकम्पपीडित परिवारको निवेदन स्वघोषणा पत्र, प्रहरी मुचुल्का र वडाको सिफारिसलगायतका कामहरू गर्नुपर्ने हुन्छ। 'वडा कार्यालय गएर सबै प्रक्रिया पूरा गरिसक्यौं,' सार्कीले भने, 'सम्झौतापछि टहरा निर्माण भए नभएको भन्दै गाउँपालिकाबाट जनप्रतिनिधि र कर्मचारी आउनुभयो। अनुगमन गरेर टहरा निर्माण गरेको फोटो र परिवारको विवरण लिएर जानु भएको पनि धेरै भयो। पैसा कहिले आउँछ ? भन्दा माथिबाट आएको छैन भन्ने जवाफमात्रै आउँछ।'

अहिले सहकारीबाट निकालेको ऋणको ब्याज तिर्नै मुस्किल भएको सार्कीले बताए। सहकारीमा ब्याज बढ्दै गएको छ। उनले भने, 'भूकम्पले घर भत्काएर घरबारविहीन बनायो सरकारले पैसा दिने भन्दै २५ हजार चारो हालेर बाँकी आउने आश्वासन दिएर ऋणी बनायो।'

बुढीगंगा-९ का रूप नेपालीको समस्या पनि सार्कीको जस्तै छ। सरकारले दिएको २५ हजार साहुजीलाई दिएँ,' उनी भन्छन्, 'दोस्रो चरणमा आएपछि बाँकी रकम दिउँला भने उधारोमा टिनलगायतका सामग्री किनें। त्यसबाट टहरा बनाइयो। तर, अहिलेसम्म दोस्रो चरणको पैसा आएन। अब त साहु नै घरमा पैसा माग्न आउँछन्।' उधारो नतिरेको भन्दै साहुले 'कहिले बाख्रा त कहिले वस्तु भाउ लैजान्छु' भन्न थालेको नेपालीको गुनासो छ। 'आफूसँग तिर्न आयस्रोत केही छैन,' उनले दुःखेसो गरे, 'खेती गर्न जमिन छैन। ९ जनाको परिवार ज्यालादारी गरेर पाल्छु। गाउँमा ज्यालादारी कामसमेत पाइँदैन।'

भूकम्पपछि उधारोमा सामान दिएर आफू पनि ऋणी भएको बुढीगंगा-६ बाम्कामा हार्डवेयर व्यापारी मनबहादुर बानियाँ बताउँछन्। 'विपत्को समय हो, सबैले आआफ्नो तर्फबाट सहयोग गर्नुपर्छ भनेर उधारोमा सामान दिएँ,' बानियाँ भन्छन्, 'अहिले माग्न जाँदा सरकारले पैसा दिएको छैन भन्छन्। साहुले मलाई पनि दिनदिनै ताकेता गरिरहेका छन्। मैले त अरूसँग ऋण खोजेर साहुलाई तिरिरहेको छु।'

त्यस्तै, बुढीगंगा- ९ जुवापानीका भोविन्द नेपालीले गाउँकै सहकारीबाट ऋण काढेर टिन किनेका थिए। सरकारबाट दोस्रो किस्ता नपाएपछि सहकारीबाट लिएको ऋणभन्दा पनि ब्याज तिर्नै गाह्रो भएको उनले बताए।

बाँकी पृष्ठ ६